**आठबीस नगरपालिकाको मिति २०७९ पौष २६ गते बसेको ८४ औं बैठकका प्रस्ताव तथा निर्णयहरु**

**प्रस्तावहरु**

१. समिक्षा सम्बन्धमा ।
२. NCCSP-2 को योजना सम्बन्धमा ।
३. नगर सभामा संचालन सम्बन्धमा ।
४. सडक बोर्ड नेपालको लागि योजना छनौट सम्बन्धमा ।
५. योजना संसोधन सम्बन्धमा ।
६. समिति गठन सम्बन्धमा ।

**निर्णयहरु**

१. यस आठबीस नगरपालिकाको यस अघि बसेको बैठकको समिक्षा गर्ने निर्णय गरियो ।
२. यस आठबीस नगरपालिकाको देहायबमोजिमका योजनाहरुको यस अघि विनियोजन रकम संसोधन गर्ने निर्णय गरियो ।

**देहाय**

| क्र स | योजनाको नाम | यस अघि विनियोजित बजेट | संसोधन बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | अम्री पहिरो नियन्त्रण आठबीस-२, दैलेख | ५० लाख | ४३ लाख | |
| २ | नानटापु तटबन्धन आठबीस-४, दैलेख | ५४ लाख | ५० लाख | |

३. यस आठबीस नगरपालिकाको नगर सभा मिति २०७९ माघ १० र ११ गते यस आठबीस नगरपालिकाको सभाहलमा संचालनमा गर्ने निर्णय गरियो ।
४. सडक बोर्ड नेपालबाट यस आठबीस नगरपालिकाको लागि आ व २०७९।०८० को लागि स्वीकृत कार्यक्रम अनुसार **गाइजात्रा, विशाला, भिउलेकोट, मडासैन हुँदै छेपाडी सम्म सडक मर्मत** योजना आठबीस ८,७ र ९ छनौट गरी यस आठबीस नगरपालिकाबाट ३० प्रतिशत लागत साझेदारी हुने गरी स्वीकृतीको लागि सडक बोर्ड नेपालमा पेश गर्ने निर्णय गरियो ।
५. यस आठबीस नगरपालिका वडा नं. २ को प्रधानमन्त्री रोजगार कार्यक्रमको देहायबमोजिमको योजनाको संसोधन गर्ने निर्णय गरियो ।

**देहाय**

| क्र स | योजनाको नाम | संसोधन हुने योजनाको नाम | कैफियत |
|---|---|---|---|
| १ | कोट देखि कालामुडा खोला घोरेटो बाटो निर्माण | देवकोटा कुलेको थान हुदै तल्लो ओविसम्म गोरेटोबाटो निर्माण | |

६. यस आठबीस नगरपालिकाको कार्यालयको लागि आवश्यक पर्ने ऐन, नियम, कानून, कार्यविधि र मापदण्ड निर्माण गर्नको लागि देहायबमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| सम्बन्धित शाखाको शाखा प्रमुखहरु सबै | सदस्य |
| प्रशासन शाखा प्रमुख | सदस्य सचिव |